कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं. :०८३-५२३६७२

पत्र संख्या: २०८१/०८२
चलानी नं.: १६३

मितिः २०८१/०४/३१ गते
११४४ गुंलाथ्व दशमी

श्री छार्कताङसोङ गाउँपालिका डोल्पा,
श्री डोल्पोबुद्ध गाउँपालिका डोल्पा,
श्री शेफोक्सुण्डो गाउँपालिका डोल्पा,
श्री ठाँटीकाँध गाउँपालिका दैलेख,
श्री ढोरचौर गाउँपालिका सल्यान,
श्री अदानचुली गाउँपालिका हुम्ला,
श्री पलाता गाउँपालिका कालिकोट,
कर्णाली प्रदेश ।

विषय : प्रचार प्रसार गरि दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको प्राविधिक शिक्षामा पहुँच नपुगेका ७८ वटा स्थानीय तहमा स्थायी बसोबास गर्ने छात्रछात्रालाई प्रि-डिप्लोमा तथा डिप्लोमा प्रमाणपत्र तहमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा निःशुल्क अध्ययनका लागि प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने बारेको मिति २०८१/०४/३० गतेको अत्यन्त जरुरी सूचना यसै साथ संलग्न गरिएको र उक्त सूचना तहाँ स्थानीय तहमा व्यापक रुपमा प्रचार प्रसार गरी सहयोग दिन हुन अनुरोध छ ।

जवाहिरलाल हमाल
अधिकृत दशौं

बोधार्थ

श्री प्राविधिक तथा व्यावसायिक तालिम परिषद्
कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर सुर्खेत ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ वटा स्थानीय तहमा स्थायी बसोबास गर्ने छात्रछात्रालाई प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा नि:शुल्क अध्ययनका लागि प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी**

## अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८१।०४।३० गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं ३१७, मिति २०८१।०४।२१ गते, च.नं.३३१, मिति २०८१।०४।२२ गते र च.नं ५३०, मिति २०८१।०४।२८ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ वटा स्थानीय तहमा स्थायी बसोबास गर्ने छात्रछात्राहरूबाट प्रि-डिप्लोमा तहमा १४ जना र डिप्लोमा/प्रमाणपत्र तहका देहायका कार्यक्रमहरूमा १०६ जना गरी जम्मा १२० सिटहरूमा **नि:शुल्क** प्राविधिक शिक्षा अध्ययन गर्नका लागि योग्य नेपाली नागरिकहरूबाट रीतपूर्वकको प्रवेश परीक्षाको आवेदन फाराम भरी आवेदन फाराम सङ्कलनका लागि तोकिएका शिक्षण संस्था/कार्यालयहरूमा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

१. **लक्षित वर्ग :** १२० जना छात्रछात्राहरू

क) तपसिल अनुसारका ७८ वटा पालिकामा स्थायी बसोबास गर्ने १२० जना छात्रछात्राहरू

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | कोशी | इलाम | माई जोगमाई गाउँपालिका |
| २ | कोशी | इलाम | माई नगरपालिका |
| ३ | कोशी | खोटाङ | केपिलासगढी गाउँपालिका |
| ४ | कोशी | खोटाङ | दिप्रुङ गाउँपालिका |
| ५ | कोशी | खोटाङ | बराहपोखरी गाउँपालिका |
| ६ | कोशी | ताप्लेजुङ | आठराईत्रिवेणी गाउँपालिका |
| ७ | कोशी | ताप्लेजुङ | फक्ताङ्लुङ गाउँपालिका |
| ८ | कोशी | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका |
| ९ | कोशी | ताप्लेजुङ | याङ्वरक गाउँपालिका |
| १० | कोशी | ताप्लेजुङ | सिदिङ्वा गाउँपालिका |
| ११ | कोशी | तेह्रथुम | फेदाप गाउँपालिका |
| १२ | कोशी | तेह्रथुम | मेन्छयायेम गाउँपालिका |
| १३ | कोशी | धनकुटा | खाल्सा छिन्ताङ शहीदभूमि |
| १४ | कोशी | पाँचथर | हिलिहाङ गाउँपालिका |
| १५ | कोशी | भोजपुर | साल्पासिलिछो गाउँपालिका |
| १६ | कोशी | मोरङ | कटहरी गाउँपालिका |
| १७ | कोशी | सङ्खुवासभा | चिचिला गाउँपालिका |
| १८ | कोशी | सङ्खुवासभा | मकालु गाउँपालिका |
| १९ | कोशी | सङ्खुवासभा | सभापोखरी गाउँपालिका |
| २० | कोशी | सुनसरी | गढी गाउँपालिका |
| २१ | कोशी | सुनसरी | भोक्राहा गाउँपालिका |
| २२ | कोशी | सोलुखुम्बु | खुम्बुपासाङल्हामु गाउँपालिका |
| २३ | कोशी | सोलुखुम्बु | लिखु पिके गाउँपालिका |
| २४ | मधेश | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| २५ | मधेश | धनुषा | धनौजी गाउँपालिका |
| २६ | मधेश | पर्सा | जगरनाथपुर गाउँपालिका |
| २७ | मधेश | पर्सा | जिराभवानी गाउँपालिका |
| २८ | मधेश | पर्सा | धोबीनी गाउँपालिका |
| २९ | मधेश | पर्सा | पटेर्वासुगौली गाउँपालिका |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ४० | मधेश | सर्लाही | पर्सा गाउँपालिका |
| ४१ | मधेश | सर्लाही | बसबरिया गाउँपालिका |
| ४२ | मधेश | सर्लाही | रामनगर गाउँपालिका |
| ४३ | बागमती | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका |
| ४४ | बागमती | काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका |
| ४५ | बागमती | चितवन | खैरहनी नगरपालिका |
| ४६ | बागमती | नुवाकोट | तारकेश्वर गाउँपालिका |
| ४७ | बागमती | नुवाकोट | दुप्चेश्वर गाउँपालिका |
| ४८ | बागमती | नुवाकोट | मेघाङ गाउँपालिका |
| ४९ | बागमती | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| ५० | बागमती | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ५१ | बागमती | सिन्धुली | घ्याङलेख गाउँपालिका |
| ५२ | गण्डकी | बागलुङ | तमानखोला गाउँपालिका |
| ५३ | गण्डकी | गोरखा | चुमनुब्री गाउँपालिका |
| ५४ | गण्डकी | तनहुँ | देवघाट गाउँपालिका |
| ५५ | गण्डकी | पर्वत | जलजला गाउँपालिका |
| ५६ | गण्डकी | पर्वत | पैयुं गाउँपालिका |
| ५७ | गण्डकी | मनाङ | नारफु गाउँपालिका |
| ५८ | गण्डकी | मनाङ | नाशोङ गाउँपालिका |
| ५९ | गण्डकी | मनाङ | नेस्याङ गाउँपालिका |
| ६० | गण्डकी | मुस्ताङ | दालोमे गाउँपालिका |
| ६१ | गण्डकी | मुस्ताङ | बाह्रगाउँमुक्तिक्षेत्र गाउँपालिका |
| ६२ | गण्डकी | लमजुङ | दूधपोखरी गाउँपालिका |
| ६३ | गण्डकी | लमजुङ | दोर्दी गाउँपालिका |
| ६४ | लुम्बिनी | अर्घाखाँची | शीतगङ्गा नगरपालिका |
| ६५ | लुम्बिनी | अर्घाखाँची | भूमिकास्थान नगरपालिका |
| ६६ | लुम्बिनी | रुपन्देही | ओमसतिया गाउँपालिका |
| ६७ | लुम्बिनी | रुपन्देही | कोटहीमाई गाउँपालिका |
| ६८ | लुम्बिनी | रुपन्देही | सम्मरीमाई गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१ | मधेश | बारा | देवताल गाउँपालिका | | ७० | कर्णाली | डोल्पा | छार्कताङसोङ गाउँपालिका |
| ३२ | मधेश | बारा | बारागढी गाउँपालिका | | ७१ | कर्णाली | डोल्पा | डोल्पोबुद्ध गाउँपालिका |
| ३३ | मधेश | महोत्तरी | साम्सी गाउँपालिका | | ७२ | कर्णाली | डोल्पा | शेफोक्सुण्डो गाउँपालिका |
| ३४ | मधेश | रौतहट | परोहा नगरपालिका | | ७३ | कर्णाली | दैलेख | ठाँटीकाँध गाउँपालिका |
| ३५ | मधेश | रौतहट | बौधीमाई नगरपालिका | | ७४ | कर्णाली | सल्यान | ढोरचौर गाउँपालिका |
| ३६ | मधेश | रौतहट | राजपुर नगरपालिका | | ७५ | कर्णाली | हुम्ला | अदानचुली गाउँपालिका |
| ३७ | मधेश | सप्तरी | महादेवा गाउँपालिका | | ७६ | सुदूरपश्चिम | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| ३८ | मधेश | सर्लाही | चक्रघट्टा गाउँपालिका | | ७७ | सुदूरपश्चिम | बझाङ | काँडा गाउँपालिका |
| ३९ | मधेश | सर्लाही | धनकौल गाउँपालिका | | ७८ | सुदूरपश्चिम | बाजुरा | पाण्डव गुफा गाउँपालिका |

**२. शैक्षिक कार्यक्रम, कोटा सङ्ख्या र अध्ययनका लागि तोकिएको शिक्षालय**

**(क) शैक्षिक कार्यक्रम र प्रदेशगत कोटा सङ्ख्या :**

| क्र. सं. | स्वीकृत कार्यक्रम | प्रदेश | | | | | | | जम्मा कोटा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | |
| १. | प्रमाणपत्र तह सामान्य चिकित्सा | १४ | ११ | ६ | ८ | ३ | ४ | २ | ४८ |
| २. | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | २ | १ | १ | १ | १ | १ | १ | ८ |
| ३. | डिप्लोमा इन होटल म्यानेजमेन्ट | ३ | २ | १ | १ | १ | १ | १ | १० |
| ४. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | ३ | २ | १ | १ | १ | १ | १ | १० |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | ३ | २ | १ | १ | १ | १ | १ | १० |
| ६. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ | ३ | २ | १ | १ | १ | १ | १ | १० |
| ७. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ | ३ | २ | १ | १ | १ | १ | १ | १० |
| ८. | प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ | १ | १ | १ | १ | १ | १ | १ | ७ |
| ९. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ) | १ | १ | १ | १ | १ | १ | १ | ७ |
| | जम्मा | ३३ | २४ | १४ | १६ | ११ | १२ | १० | १२० |

**(ख) प्रमाणपत्र तह सामान्य चिकित्सा र मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रम अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरू :**

| क्र. सं. | शिक्षालयको नाम | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | श्री रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| २. | श्री निर्मल लामा बहुप्राविधिक शिक्षालय, महोत्तरी | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | |
| ३. | श्री दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडी, चितवन | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| ४. | श्री शहीद कृष्णसेन ईच्छुक बहुप्राविधिक शिक्षालय, दाङ | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| ५. | श्री कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| ६. | श्री सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | प्रमाणपत्र तह सामान्य चिकित्सा | |

माथि २(ख)मा तोकिएका शिक्षण संस्थाहरू बाहेकका तल उल्लिखित कार्यक्रमहरूको हकमा परिषद्को **प्राविधिक महाशाखाले** शिक्षालय तोकी परीक्षार्थीहरूको भर्नाका लागि सिफारिस गर्नेछ ।

३. **आवश्यक न्यूनतम योग्यता : (१) डिप्लोमा/प्रमाणपत्र तहका लागि :**

(क) अक्षराङ्कन पद्धति लागू हुनुपूर्वका प्रवेशिका परीक्षाको हकमा:

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अङ्ग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट सञ्चालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको । |

... आएमा फर्के ... ७ बाट भएको बताउनुभयो।

(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको प्रवेशिका परीक्षाको हकमा:

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका सामान्य चिकित्सा र मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रमका लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अङ्ग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरीकृत अङ्क ४.० मा २.० जी.पी.ए. अथवा सो सरह वा परिषद्‌बाट सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको। |
| २. | डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेक अन्य कार्यक्रमहरूका लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अङ्ग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरीकृत अङ्क ४.० मा १.६ जी.पी.ए. अथवा सो सरह वा परिषद्‌बाट सञ्चालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको। |

**प्रि-डिप्लोमा तह १८ महिने कार्यक्रमका लागि :**

(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा

(ख) अक्षराङ्कन पद्धति लागू भए पश्चात् : एस.ई.ई. का सम्पूर्ण विषयको परीक्षामा समावेश भई न्यूनतम ई ग्रेड वा सो सरह वा ग्रेड सिट प्राप्त।

**आवेदन फाराम पाइने तथा बुझाउने स्थानहरू :**

**परीक्षार्थीहरूले आफ्नो पालिका भएको प्रदेशमा मात्र आवेदन फाराम बुझाउनुपर्नेछ।**

**(क) कोशी प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, साखेजुङ, इलाम
- परिषद्, कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी
- सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर

**(ख) मधेश प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
- निर्मल लामा बहुप्राविधिक शिक्षालय, खयरमारा, महोत्तरी
- प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारा

**(ग) बागमती प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- परिषद्, प्रदेश कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर
- दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडी, चितवन
- बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, बालाजु, काठमाडौं
- रामेछाप बहुप्राविधिक शिक्षालय, मन्थली, रामेछाप

**(घ) गण्डकी प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- परिषद्, गण्डकी प्रदेश कार्यालय, मालेपाटन, पोखरा, कास्की
- राइनास बहुप्राविधिक शिक्षालय, लमजुङ

**(ङ) लुम्बिनी प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- परिषद्, लुम्बिनी प्रदेश कार्यालय, नयाँगाउँ, बुटवल, रुपन्देही
- शहीद कृष्णसेन ईच्छुक बहुप्राविधिक शिक्षालय, दाङ
- भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बाँके

**(च) कर्णाली प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
- कर्णाली प्राविधिक शिक्षालय, जुम्ला

**(छ) सुदूरपश्चिम प्रदेश अन्तर्गतका आवेदकहरूका लागि**
- परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
- सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी

(आवेदन फाराम प.नि.का.को वेबसाइट www.ctevtexam.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ)

**आवेदन फाराम भर्ने मिति :**

| | |
|---|---|
| फाराम वितरण मिति | : २०८१ साउन ३० गते बुधबारदेखि |
| फाराम बुझाउने अन्तिम मिति | : २०८१ भदौ २० गते बिहीबारसम्म |
| आवेदन फाराम शुल्क | : निःशुल्क |
| **प्रवेश परीक्षा सञ्चालन हुने मिति** | : २०८१ भदौ २९ गते शनिबार बिहान ८:०० बजे |

**प्रवेश परीक्षा सञ्चालन हुने स्थानः** (क) **कोशी प्रदेशः** इटहरी, (ख) **मधेश प्रदेशः** जनकपुर, (ग) **बागमती प्रदेशः** काठमाडौं, (घ) **गण्डकी प्रदेशः** पोखरा, (ङ) **लुम्बिनी प्रदेशः** बुटवल, (च) **कर्णाली प्रदेशः** सुर्खेत र (छ) **सुदूरपश्चिम प्रदेशः** धनगढी

**नोटः** परीक्षा केन्द्र सम्बन्धी विस्तृत जानकारी २०८१ भदौ २४ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र **www.**ctevtexam.org.np मा प्रकाशन गरिनेछ।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरू परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बमोजिम पेश गर्नुपर्नेछ। आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी पेश गरेमा परीक्षार्थीको फाराम रद्द हुनेछ।

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने माबालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(ख) एस.ई.ई, प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरेको मार्कसिट, चारित्रिक प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि र २९ महिने प्राविधिक एस.एल.सी.को हकमा टेस्ट परीक्षाको लब्धाङ्क पत्र।

(ग) माइग्रेसन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल सरकारको एस.ई.ई बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरूका हकमा आवश्यक पर्ने)।

(घ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को २ प्रति फोटो।

(ङ) बसाइँसराइको हकमा सूचना प्रकाशन भएको मितिभन्दा छ (६) महिना अगाडि बसाइँसराइ गरिएको स्थानीय निकायको पत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

**छनोट प्रक्रिया सम्बन्धी जानकारी :**

(क) सूचनामा तोकिएको समयभित्र न्यूनतम योग्यता पुगी रीतपूर्वक आवेदन फाराम भरेका आवेदकहरूलाई मात्र प्रवेश परीक्षामा समावेश गराइनेछ।

(ख) सम्बन्धित शिक्षण संस्था/कार्यालयले सूचनामा तोकिएको अवधिभित्र आवेदन फारामहरूलाई परिषद्, प.नि.का. बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा इन्ट्री गर्नुपर्नेछ। अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको सिम्बल नम्बर कायम गरी प्रवेश पत्र जारी गरिनेछ र प्रवेश पत्र प्राप्त परीक्षार्थीहरूलाई मात्र प्रवेश परीक्षामा समावेश गरिनेछ।

(ग) तोकिएको मितिभित्र आवेदन फाराम भरी शिक्षण संस्था/कार्यालयबाट अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरू मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई.मा प्राप्त गरेको प्राप्ताङ्कको योगफल र प्रवेश परीक्षामा प्राप्त गरेको अङ्कका आधारमा उच्चतम अङ्क अनुसार योग्यता क्रम निर्धारण गरी मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गरिनेछ।

(घ) प.नि.का.बाट रीतपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भई प्रवेश परीक्षामा सामेल भएका आवेदकहरू मध्येबाट निम्नानुसार योग्यता क्रम निर्धारण गरिनेछ।

(अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्कलाई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१ अनुसार ३० प्रतिशत अङ्कभार प्रदान गरिनेछ।

(आ) प्रवेश परीक्षा बापत ७० प्रतिशत अङ्कभार प्रदान गरिनेछ। जसका लागि कक्षा १० स्तरको अनिवार्य गणितबाट २५, विज्ञानबाट २५ र अङ्ग्रेजीबाट २० वटा गरी जम्मा ७० वटा बहुउत्तर प्रश्नहरू सोधिनेछ।

(इ) प्रमाणपत्र बापतको प्राप्ताङ्क र प्रवेश परीक्षाको प्राप्ताङ्कलाई जोडेर योग्यता क्रम तयार गरिनेछ। योग्यता क्रममा समावेश हुनका लागि न्यूनतम ३५ अङ्क प्राप्त गर्नुपर्नेछ।

(ई) योग्यता क्रम तयार गर्दा प्राप्ताङ्क बराबर भएमा भर्ना सम्बन्धी निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ।

(ङ) उपरोक्त विधिबाट नतिजा तयार गरी उच्चतम अङ्कका आधारमा नतिजा प्रकाशन गरिनेछ र सोको जानकारीको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी www.ctevtexam.org.np मा नतिजा विवरण राखिनेछ। **प्रमाणपत्र तहको सामान्य चिकित्सा र मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रम बाहेक**को कार्यक्रमहरूको हकमा परिषद्को प्राविधिक महाशाखाले शिक्षालय तोकी परीक्षार्थीहरूलाई भर्नाका लागि सिफारिस गर्नेछ।

१०. **कोटा रिक्त भएको सम्बन्धमा :**
तोकिएका ७८ वटा पालिकाहरूमा स्थायी बसोबास गर्ने लक्षित विद्यार्थीहरूको प्रदेश अनुसारको कुनै कार्यक्रममा निर्धारित कोटा खाली रहन गएमा अन्य कार्यक्रम वा प्रदेशबाट आवेदन भरी छनोट भई उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरू मध्येबाट उच्चतम अङ्क प्राप्त गर्ने परीक्षार्थीहरू छनोट गरिनेछ।

११. **रजिस्ट्रेसन सम्बन्धमा :**
कार्यक्रममा भर्ना भएको परीक्षार्थीलाई भर्ना सम्बन्धी निर्देशिका, २०८१ बमोजिम शिक्षण संस्थाले रजिस्ट्रेसन फाराम समेत भराई ITMS मा Online Entry गरी समष्टिगत विवरण सहित सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा फाइल पेश गर्नुपर्नेछ।

१२. **पुनश्चः**

(क) आवेदन फाराम बुझाउने स्थान तोकिएका शिक्षण संस्था/कार्यालयहरूले आवेदकहरूबाट रीतपूर्वक भरिएको आवेदन फारामहरू अन्तिम म्यादभित्र सङ्कलन गरी ITMS मा प्रविष्ट गराउनुपर्नेछ। आवेदन फाराम बुझाउने शिक्षण संस्था/कार्यालयमा Online Entry तथा आवेदन फाराम व्यवस्थापन गर्ने कर्मचारीलाई आवेदकको सम्पूर्ण विवरण Entry गराएको खण्डमा मात्र प्रति आवेदन रु. ५०।- का दरले पारिश्रमिक प्रदान गरिनेछ।

(ख) शिक्षण संस्था/कार्यालयहरूले आवेदन फाराम रुजु गरी स्वीकृत भएपछि मिति २०८१।०५।२१ गते भित्रमा ITMS मा Online Entry गरिसक्नुपर्नेछ। आवेदकहरू सबैको Online Entry गरिसकेपछि आवेदन फारामहरू सिलबन्दी गरी परीक्षा नियन्त्रण कार्यालयमा नतिजा प्रकाशनका लागि अनिवार्य रूपमा मिति २०८१।०५।३० गते सम्ममा पठाउनुपर्नेछ।

(ग) प्रवेश परीक्षाबाट मुख्य परीक्षार्थीका रूपमा सिफारिस भई तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिस्ट्रेसन कायम भएमा विद्यार्थीहरूलाई निर्वाह भत्ता बापत प्रति महिना रु.३,५००।-, यातायात खर्च बापत प्रति वर्ष रु.१,५००।-, पोसाक खर्च बापत प्रतिवर्ष रु २,५००।- तथा प्रशिक्षण अवधिभरका लागि निःशुल्क छात्रावासको व्यवस्था गरिनेछ।

(घ) परिषद् अन्तर्गतका नियमित तथा अन्य कार्यक्रममा रजिस्ट्रेसन प्रक्रिया भई अध्ययनरत विद्यार्थीहरूले यस बमोजिमको छात्रवृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन्। त्यस्तो परीक्षार्थीले आवेदन फाराम भरेको पाइएमा स्वतः रद्द हुनेछ।

(ङ) भर्ना भएका परीक्षार्थीहरूको कक्षा सञ्चालन मिति २०८१।०७।२५ गते आइतबारदेखि शुरु हुनेछ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**